# सूचना!          सूचना!!          सूचना!!

सरकारी वा सार्वजनिक संस्थानहरुलाई बुझाउनु पर्ने बाँकी वक्यौता नबुझाई कम्पनी वा फर्म बन्द गरी सम्पर्कमा नआई फेरी अर्कै नामबाट सोही व्यक्तिले पुन: नयाँ कम्पनी वा फर्म दर्ता गरी व्यवसाय गर्ने गरेको पाइएकोले त्यसरी सरकारी वाँकी रकम नबुझाउने व्यक्तिको तीन पुस्ते खोली कालो सूचीमा राखी सो को एकिकृत लगत राख्ने व्यवस्था मिलाई तथा कालो सूचिमा नाम रहेका व्यक्तिहरुलाई अर्को फर्मबाट कम्पनीको नाममा कारोवार गर्न नमिल्ने व्यवस्था मिलाउनु हुन भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट लेखी आएको व्यहोरा उद्योग मन्त्रालय मार्फत प्राप्त हुन आएको शिलशिलामा आगामी २०६८ कार्तिक १६ गतेदेखि कम्पनी दर्ताका लागि पेश हुन आउने निवेदनहरुमा कम्पनीका सवै संस्थापकहरुले आफूले सरकारी वा सार्वजनिक संस्थानहरुलाई तिर्नु बुझाउनु पर्ने बाकी बक्यौता नभएको व्यहोरा समेत अनिबार्य रुपमा कबुलियत गरी निवेदन पेश गर्नु गराउनु हुन सम्वन्धित सवैको जानकारीका लागि मिति २०६८।०७।०१ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ ।

कम्पनी रजिष्ट्रारको कार्यालय,
त्रिपुरेश्वर, काठमाडौं ।
मिति २०६८।०७।०१